अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ७ संख्या: १९ मिति: २०८०/१०/२९

**भाग- २**

**अजिरकोट गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको साझेदारीमा सुधारिएको मासु पसल सञ्चालनरस्थापना कार्यविधि, २०८० वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# साझेदारीमा सुधारिएको मासु पसल सञ्चालन/स्थापना

# कार्यविधि, २०८०

**गाउँपालिका स्वीकृत मिति २०८०।१०।२८**

**प्रमाणिकरण मिति २०८०।१०।२८**

**अजिरकोट गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**भच्चेक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

अजिरकोट गाउँ कार्यपालिकाबाट मिति २०८० माघ २८ गते स्वीकृत भएको यस अनुसारको अजिरकोट गाउँपालिकाको साझेदारीमा सुधारिएको मासु पसल सञ्चालनरस्थापना कार्यविधि, २०८० अजिरकोट गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४ को नियम ४ (१) बमोजिम प्रमाणिकरण गर्दछु ।

नवराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०।१०।२९

## साझेदारीमा सुधारिएको मासु पसल सञ्चालन र स्थापना कार्यविधि, २०८०

**प्रमाणिकरण र प्रकाशित मिति २०८०।१०।२८**

**प्रस्तावना** :

स्वस्थ, पशुपंक्षी उपयुक्त तरिकाबाट बध गरी गुणस्तरीय एवं स्वच्छ, मासु तथा मासुजन्य पदार्थहरू आम उपभोक्ता समक्ष सहज उपलब्धताका लागि यस अजिरकोट गाउँपालिकास्तरबाट सञ्चालन हुने सुधारिएको मासु पसल कार्यक्रमलाई निश्चित प्रक्रिया अनुसार व्यवस्थित रूपमा सञ्चालन गर्न स्वीकृत पशुपंक्षी कार्यक्रमलाई व्यवस्थित, सरलीकृत, र पद्धतिमूलक रुपले सञ्चालन गर्न वाञ्छनीय ठानि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को बमोजिम गाउँपालिकाले आ.व. २०८०/०८१ को बजेट कार्यान्वयन गर्न अजिरकोट गाउँपालिकाको स्थानीय सरकारले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम “साझेदारीमा सुधारिएको मासु पसल सञ्चालन कार्यविधि, २०८०” रहेको छ।
१.२ यो कार्यविधि अजिरकोट गाउँपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क. प्रमुख भन्नाले अजिरकोट गाउंपालिकाको अध्यक्षलाई सम्झिनुपर्दछ ।

ख. उपप्रमुख भन्नाले अजिरकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झिनुपर्दछ ।

ग. कार्यपालिका भन्नाले अजिरकोट गाउँकार्यपालिका सम्झिनुपर्दछ ।

घ. प्रमुख प्रशासकीय अधिकृत भन्नाले यस अजिरकोट गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत सम्झिनुपर्दछ ।

ङ. मन्त्रालय भन्नाले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश र पशुविकासको काम गर्ने संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई सम्झनुपर्दछ ।

च. विषयगत शाखा भन्नाले अजिरकोट गाउँपालिका अन्तर्गत रहेको पश ुसेवा शाखा सम्झनु पर्दछ ।

छ. वडा समिति. भन्नाले गाउंकार्यपालिकाको वडा समिति सम्झनु पर्दछ ।

ज. सदस्य.भन्नाले गाउंकार्यपालिकाको सदस्य सम्झनु पर्दछ । सो शब्दले गाउकार्यपालिकाको प्रमख/उप प्रमुख तथा वडा अध्यक्षलाई समेत जनाउंदछ ।

झ. विषयगत समिति भन्नाले कृषि व्यावसाय प्रबर्द्धन कार्य हेर्ने आर्थिक समिति भन्ने सम्झनु पर्दछ ।

ञ. “कार्यालय” भन्नाले सुधारिएको मासु पसल निर्माण वा सुधार वा दुवै कार्यक्रम सञ्चालनको अख्तियारी प्राप्त यस अजिरकोट गाउँपालिका र यस गाउँपालिकाको पशु सेवा शाखालाई समेत सम्झनु पर्नेछ ।

ट. "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्नेछ ।

ठ. "सहकार्य": भन्नाले साझेदारीमा सञ्चालन हुने सुधारिएको मासु पसल निर्माण वा सुधार वा दुवैको लागत सहभागिताका लागि इच्छुक समूह/सहकारी संस्था/निजी क्षेत्र समेतलाई जनाउँदछ ।

ड. "साझेदारी" : भन्नाले सहकार्यमा सुधारिएको मासु पसल सुधार कार्यक्रम सञ्चालनका लागि यस स्थानिय निकायका, सहकारी वा विधिवत दर्ता भएको मासु व्यवसायी, सामुदायिक संस्था एवम् निजी उद्यमी बीच द्विपक्षीय वा वहुपक्षीय सम्झौताका आधारमा हुने लागत सहभागितालाई जनाउँदछ ।

ढ. "द्विपक्षीय वा बहुपक्षीय सम्झौता पत्र": भन्नाले कार्यालय र साझेदारहरूका बीच सहकार्यमा सुधारिएको मासु पसल निर्माण तथा सुधार कार्यक्रम साझेदारीमा सम्पन्न गर्नका लागि गरिएको सम्झौता-पत्र सम्झनुपर्दछ ।

ण. "पशु": यस कार्यविधिमा मासु उत्पादनका लागि पालिने सबै प्रकारका घरपालुवा जनावर सम्झनु पर्छ । सो शब्दले पन्छी र माछा समेतलाई जनाउँछ ।

त. "पशु पँक्षी फ्रेस हाउस": भन्नाले मासुको निमित्त पशु वध गर्ने र मासु विक्रि वितरण गर्ने पूर्ण स्वामित्व वा लागत साझेदारीमा निर्माण/सुधार गरिएको वा बनाइएको संरचना वा स्थान सम्झनुपर्छ ।

थ. "प्रस्ताव": भन्नाले सहकार्यमा सुधारिएको मासु पसल निर्माण तथा सुधार कार्यक्रम साझेदारीमा सम्पन्न गर्नका लागि आवश्यकता अनुसार साझेदारले पेश गरेको विस्तृत लागत अनुमान सहितको कार्य विवरण बुझ्नुपर्छ ।

द. "सुधारिएको मासु पसल निर्माण": भन्नाले नयाँ मासु पसल निर्माण र सँचालित पुरानो मासु पसल सुधार समेत जनाउँछ ।

ध. "अनुपयुक्त पशु" : भन्नाले नवजात र कम उमेरका पशु, दुहुना तथा गर्भिणी पशु र गाई भन्ने बुझ्नुपर्छ

**३. उद्देश्यः** यो कार्यविधिको निम्नअनुसार उद्देश्य रहनेछन् ।

३.१ उपभोक्ताहरूलाई स्वच्छ, स्वस्थ्य र गुणस्तर प्रमाणित मासु तथा मासुजन्य पदार्थहरू उपलब्ध गराउन सहयोग गर्ने ।

३.२ अस्वस्थ्य र वधका लागि अनुपयुक्त पशु वध निरुत्साहित गर्ने ।

३.३ मासु तथा मासुजन्य पदार्थको व्यवसाय प्रवर्द्धन गर्ने ।

३.४ सरल, सुलभ र प्रतिस्पर्धी मूल्यमा उपभोक्ताहरूलाई मासु उपलब्ध गराउने ।

## परिच्छेद २

### ४. सहकार्य सम्बन्धी व्यवस्थाः

४.१ कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम बमोजिम सहकार्यमा सुधारिएको मासु पसल निर्माण तथा सुधार दुवै कार्यक्रम साझेदार संस्थाहरूसँग सहकार्यमा सञ्चालन गर्न गराउन सक्नेछ ।

४.२ साझेदारीको हिस्सा रकम बढीमा ७० प्रतिशत सरकारी अनुदान हुनेछ र ३० प्रतिशत आवेदक स्वयमको लगानी हुनेछ ।

## परिच्छेद ३

### ५. प्रस्ताव आह्वान र पेश गर्ने विधिः

५.१ सम्बन्धीत कार्यालयले स्वीकृत कार्यक्रम अनुसार १५ दिने सार्वजनिक सूचना अजिरकोट गाउँपालिका बाट प्रकाशन गरी पशु सेवा शाखा र पालिकाका प्रत्येक वार्ड कार्यालयमा टाँस गरिने तथा अजिरकोट गाउँपालिकाको वेभ साइटमा राखिने छ । साझेदारीमा सञ्चालन हुने मासु पसल निर्मा ण वा सुधार वा दुवै कार्यक्रम सञ्चालनको लागि **अनुसूची १** बमोजिम प्रस्ताव आह्वान गर्नेछ ।

५.२ इच्छुक साझदोरहरूले सूचनामा उल्लेख भए बमोजिमको अवधिभित्र **अनुसूची २** बमोजिमको प्रस्ताव, **अनुसूची ३** बमोजिमको सङ्क्षिप्त व्यवसायिक कार्य योजना, **अनुसूची ४** बमोजिमको लागत साझेदारी गर्ने प्रतिबद्धता-पत्र, **अनुसूची ५** बमोजिमको सम्बन्धीत निकायको सिफारिस र **अनुसूची ६** बमोजिम निवेदन सहित निर्धारित समयभित्र सम्बन्धीत कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

५.३ दफा ५ को उपदफा (२) मा उल्लेखित "सम्बन्धीत निकायको सिफारिस" भन्नाले अजिरकोट गाउँपालिकाको प्रस्ताव आह्वानमा सम्बन्धीत सम्बन्धित वडाको सिफारिस बुझ्नु पर्नेछ ।

५.४ रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश गरिने छैन ।

### ६. प्रस्ताव छनौटः

६.१ दफा ५ बमोजिम पेश हनु आएका प्रस्तावहरू छनौट **अनुसूची १०** बमोजिमको छनौट समितिले उपयुक्त प्रस्ताव **अनुसूची ७** बमोजिम निर्धारित मापदण्डका आधारमा उपयुक्त प्रस्ताव छनौट गरी पेश गर्नेछ ।

६.२ प्रस्ताव छनौट समितिले **अनुसूची ७** बमोजिमको निर्धारित मापदण्डका आधारमा प्रस्तावहरूको मूल्याङ्कन र प्राथमिकताक्रम निर्धारण गर्नेछ ।

६.३ प्रस्ताव उपर जाँचबुझ गर्न प्रस्ताव छनौट कार्यदलद्वारा स्थलगत अनुगमन गर्नु पर्नेछ र पछिल्लो ३ वर्षभित्र योजनाको अनुदान लिएका निवेदकलाई छनौट गरिने छैन ।

६.४ यसरी छनौट हुन सफल भएका आवेदकसँग १५ दिनभित्र द्विपक्षीय सम्झौता सम्पन्न गरिने छ ।

### ७. द्विपक्षीय सम्झौताः

७.१ सम्बन्धीत कार्यालयले दफा ६ बमोजिम छनौट भएका आवेदकहरूसँग सहकार्यमा मासु पसल निर्माण वा सुधार वा दुवै कार्यक्रम सञ्चालन गर्नका लागि गाउँपालिका सँग समन्वय गरी **अनुसूची ९** बमोजिमको द्विपक्षीय सम्झौता गर्नेछ ।

७.२ द्विपक्षीय सम्झौतामा उल्लेखित बुँदाहरूलाई साझेदारी कार्यक्रम सञ्चालनको मूल आधार मानिने छ ।

### ८. सुधारिएको मासु पसल निर्माण तथा सुधार कार्यक्रम सञ्चालन प्रक्रियाः

८.१ कार्यालयले सुधारिएको मासु पसल निर्माण वा सुधार वा दुवै सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि प्राप्त कार्यक्रम बजेट र अख्तियारी अनुसार यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आह्वान, छनौट, सम्झौता र भुक्तानीका प्रक्रियाहरू अवलम्बन गरिनेछ ।

**८.२ सुधारिएको मासु पसल निर्माण कार्यक्रम अन्तर्गत सम्बन्धीत कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागि खर्च गर्न सकिनेछ ।**

बजार लक्षित सुधारिएको मासु पसल निर्माण तथा सुधार गर्न मासुपसलमा प्रयोग हनु औजार उपकरणहरू जस्तै

(क) डि फ्रिज, (कम्तीमा २०० देखि ३२० लि सम्मको)

(ख) मासु पसलको भुँइ र भित्तामा ६ फिट सम्म सेतो टायल,

(ग) ट्रली,

(घ) मुल्य सूचि वोर्ड,

(ङ) पारदर्शी सिसाको ढोका सहित छेक बार कीरा र झिङ्गा नपस्ने व्यवस्था र अन्य सुरक्षाका विधि अवलम्बन गर्न तथा बजार लक्षित सुधारिएको मासु पसल निर्माण तथा सुधार

(च),मासु कटिङ्ग , चक्कु, चपर,

(छ) बध गरिएको पशु पँक्षी रौं डढाउने ग्याँस फिटिङ्ग बुलर, डिफिदर,

(ज) स्टिन लेस स्टिल टेवल,कम्तीमा ४/३ देखि ५/३ सम्मको स्टनिङ

(झ)मासुका अनावश्याक वेस्टेज वस्तु विर्सजन खाडल (वेष्ट डिस्पोजल)

(ञ) बिजुली बत्ती, ढल निकास, पाइप फिटिङ,बाटर सेनिटाइजर, र पानी तान्ने मेसिन जडान आदि । नाश पभएर नजाने अन्य औजार उपकरणहरू खरिद गर्न । बिजुली बत्ती, ढल निकास, पाइप फिटिङ, वाटर सेनिटाइजर, र पानी तान्ने मेसिन जडान आदि ।

**८.५ मासु पसल निर्माण/सुधारमा साझेदारी गर्नको लागि निम्न लिखित पूर्व सर्तहरू पूरा भएको हुनुपर्नेछ ।**

- ❖ होल्डिङ यार्ड, व्लिडिङ, स्किनिङ, डिबोनिङ, चपिङ, फ्रिजिङ, डिस्प्याच, ।
- ❖ स्वच्छ एवम् यथेष्ट पिउने पानीको ब्यावस्था ।
- ❖ ढल निकास तथा फोहर मैला व्यवस्थापनका लागि पर्याप्त ठाउँ र जग्गाको उपलब्धता ।
- ❖ बाटो, बिजुली र बजारको सुविधा ।
- ❖ नयाँ स्थापना हुने र पूराना दुवै किसिमका मासु पसलको हकमा कम्तीमा गाउँपालिका वा वडा कार्यलयमा मासु ब्यावसाय दर्ता ।
- ❖ सम्बन्धीत साझेदारले स्वस्थकर मासु उत्पादन विधि परिपालना गर्न मन्जुर भएको ।

८.६ मासु पसल निर्माण/सुधार गर्न साझेदार निकायसँग आफ्नै स्वामित्वको जग्गा वा लिजमा लिएको भए १० बर्षे ब्यावसाय गर्न पाउने मन्जुरि नामा हुनुपर्नेछ र उक्त स्थान गाउँपालिकाको सहरी क्षेत्र सँग नजिक तथा मासु उपभोत्ता नजिक अवस्थित रहनु पर्नेछ ।

८.७ सहकार्यमा सुधारिएको मासु पसल निर्माण तथा सुधार कार्यक्रम दुवै सम्बन्धी कार्य परम्परागत रूपले व्यवसाय गर्दै आएका पेशागत जातिलाई प्राथमिकता दिइनेछ ।

## ९. भुक्तानी प्रक्रियाः

९.१ मासु पसल निर्माण भएको आधारमा बढीमा २ किस्तामा वा कार्य सम्पादन प्रतिवेदनका आधारमा अन्तिम एकै पटकमा किस्ता भुक्तानी व्यवस्था मिलाईने छ ।

९.२ कार्यालयले सम्बन्धीत पुँजीगत खर्च कृषि तथा पशु कार्यक्रम शीर्षकबाट साझेदारी रकम उपलब्ध गराउँदा "सहकार्यमा सुधारिएको मासु पसल सञ्चालन कार्यक्रम" को विनियोजित बजेटको ३ प्रतिशत बराबरको रकममा अवस्था हेरिकन मात्र कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ ।

९.३ भुक्तानी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ४

१०. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः यस कार्यक्रमको अनुगमन अजिरकोट गाउँपालिका का जनप्रतिनिधि तथा तोकिएका कर्मचारि तथा यस स्थानीय तहको पशु सेवा शाखाले गर्नेछन् । यसरी यी कार्य सञ्चालन गर्दा जस्तै स्थलगत प्रमाणिकरण अनुगमन तथा मूल्याङ्कन गर्दा स्थलगत प्रमाणिकरण, आवश्यक पर्ने बैठक र अनुगमन बापतको भत्ता यस समितिका जनप्रतिनिधि र कर्मचारीलाई उपलब्ध गराउनुपर्नेछ ।।

११. संशोधनः यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन अजिरकोट गाउँपालीकाले आवश्यकता अनुसार थपघट गर्न सक्नेछ ।

१२. यस कार्यविधिको कार्यान्वयमा कुनै बाधा, अवरोध र अस्पष्टता आएमा अन्तिम निर्णय अजिरकोट गाउँपालिकाको हुने छ ।

**अनुसूची १ दफा ५, उपदफा १ सँग सम्बन्धित**

अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

भच्चेक, गोरखा

साझेदारिमा सुधारिएको मासु पसल सञ्चालन गर्ने बारे प्रस्ताव आह्वानको सूचना !!!

(प्रथम पटक प्रकाशित मिति २०.../........../...)

यस गाउँपालिकाको आ.व................ को स्वीकृत वार्षिक कृषि तथा पशुका कार्यक्रम अनुसार निम्नलिखित कार्यक्रमहरुको शर्तमा साझेदारिमा सुधारिएको मासु पसल निर्माण वा सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० बमोजिम लागत साझेदारीमा सञ्चालन गर्न इच्छुक सहकारी संस्था, व्यवसायिक मासु पसल/ फर्म, कम्पनी, निजी उद्यमी, व्यवसायी, कृषक समूह/समितिहरूले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ । कार्यक्रमहरू सङ्ख्या कुल ...... गोटा प्रति मासु पसल अनुदान रकम रु. ............. साझेदारिमा सुधारिएको मासु पसल सञ्चालन कार्यक्रम मा ३०% (प्रतिशत) स्वयं प्रस्तावकले लगानि गरि कुल ......................... भन्दा माथिको कार्य सम्पन्न गर्नुपर्नेछ ।

**नोटः** अनुदान रकमको **३ प्रतिशत कन्टिन्जेन्सी** बापत कट्टा गरिनेछ । (अवस्था हेरी कट्टा गरीनेछ)

प्रस्ताव पत्रका साथ सम्मिलित हुनुपर्ने कागजातहरूः

क) आवेदकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।

ख) सम्बन्धीत कार्यालयले तोकेको ढाँचामा तयार गरिएको अनुसूची २ अनुसारको प्राविधिक र अनुसूची अनुसारको आर्थिक प्रस्ताव तथा सङ्क्षिप्त व्यवसायिक कार्ययोजना समेत ।

ग) अजिरकोट गाउँपालिकाको प्रस्ताव आह्वान सम्बन्धीत वडा कार्यालयको सिफारिस,

घ) कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि ।

ङ) लिजमा लिएको जग्गाको हकमा कम्तीमा १० वर्षको करारनामा वा सम्झौतापत्र ।

च) प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता नवीकरण गरेको प्रतिलिपि ।

छ) सहकारी संस्था/व्यवसायिक संस्था/फर्म/कम्पनी/कृषक समूह/समितिको हकमा मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ता प्रमाण-पत्रको प्रतिलिपि र कार्य समितिको निर्णय।

ज) प्रस्तावकलेकम्तीमा ३० प्रतिशत लागत साझेदोरी गर्ने र अन्य निकायबाट अनुदान लिए/नलिएको प्रतिबद्धता पत्र ।

झ) प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान। ज्ञणप्रस्ताव र सङ्क्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम कार्यान्वयन कार्यविधि गाउँपालिका बाट डाउनलोड गर्न सकिनेछ ।

अन्य थप जानकारीका लागि पशु सेवा शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

## अनुसूची २ दफा ५, उपदफा २ सँग सम्बन्धीत प्राविधिक प्रस्तावको नमूना

साझेदारिमा मासु पसल निर्माण वा सुधार वा दुवै कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव

क)प्राविधिक प्रस्ताव

१) प्रस्तावित कार्यक्रमको नाम : ..........................................................................

२) कार्यक्रम कार्यान्वयन हुने स्थानः ..........................................................................

३) आवेदक संस्था व्यावसायिको नाम :..........................................................................

४) ठेगाना :..........................................................................................................

५) सम्पर्क व्यक्तिको टेलिफोन नं/मोबाइल नं.:..........................................................

६) आवेदक संस्था/फर्म/कम्पनी/उद्योग र व्यवसायको दर्ता नम्बर :...........................

७) दर्ता भएको कार्यालय र मिति.........................................................................

८) आवेदक संस्था/ फर्म/कम्पनी/उद्योग र व्यवसायको उमेर (दर्ता वा स्थापना पश्चातको अवधि वर्षमा)

९) भ्याट र पान दर्ता नम्बर.....................................................

१०)प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. ....................................................

११)प्रस्तावकले आफ्नै स्रोतबाट व्यहोर्ने रकम रु. ....................................................

१२) सम्बन्धित कार्यालयसँग माग गरेको रकम रु. ....................................................

१३)प्रस्तावित कार्यक्रमको उद्देश्य

१३.१ ..........................................................................................................

१३.२ ..........................................................................................................

१३.३ ..............................................................................................

१४) प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरू :

१४.१ सडक सुविधा (छ/छैन)..................नजिकको बजारको नाम ..........................
१४.२ कस्तो सडक छ (कच्ची/पक्की) बजार सम्मको दुरी (कि. मी.)...........................
१४.३ बिजलु ीकोसुविधा (छ/छन ै ) ........... गाउँपालिका देखिकोदुरी (कि.मी.)...................
१४.४खानेपानीको सुविधा (छ/छैन)......... जग्गाको स्वामित्व (आफ्नै र लिज)....................
१४.५ आफ्नै स्वामित्वको भवन, मेसिनरी, सवारी साधन र यन्त्र उपकरणको किसिम र सङ्ख्या उल्लेख गर्ने ।

| क.स. | विवरण | संख्या | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१५ प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको सङ्ख्या................
१६ लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको सङ्ख्या).... महिला.... दलित.... जनजाति.... अन्य....
१७ प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने क्रियाकलापहरूको विवरण.
१७.१ ..........................................................................................
१७.२ ...................................................................................
१७.३ ................................................................................................
१८ क्रियाकलाप कार्यान्वयन योजना...... क.स. कहिले सुरुवात गरि कहिले सम्म सम्पन्न गर्ने :............................
१९ कार्यक्रमको समाप्ती पश्चात अपेक्षित उपलब्धीहरू (बुँदागत रूपमा सम्भव भए परिणाम समेत खुलाउने )
१९.१ ...............................................................................................
१९.२ ..............................................................................................
१९.३ ...............................................................................................
२० आवेदकसँग विद्यमान जनशक्तिको विवरण
क.स. जनशक्तिको विवरण दक्षता .... (शैक्षिक योग्यत र तालिम) सङया्
२५ प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असर
२५.१...........................................................................................................
२५.२...........................................................................................................
२५.३...........................................................................................................
२६ वातावरणीय असर न्यूनीकरणका लागि अपनाइने उपाय
२६.१.............................................................................................................
२६.२...........................................................................................................
२६.३...........................................................................................................
२७ प्रस्तावित कार्यक्रमले सिर्जना गर्ने थप रोजगारी (सङ्ख्या).........................
ख) आर्थिक प्रस्तावः प्राविधिक प्रस्तावमा उल्लेखित क्रियाकलापहरूको लागत अनुमान र सहकार्यको विस्तृत विवरण

| क्र.स. | मुख्य क्रियाकलापहरु | इकाई | परिमाण | दर | कुल लागत रकम रु. | प्रस्तावकको योगदान | कार्यालयको अनुदानबाट बेहोरिने रकम |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |

प्रस्तावकले व्यहोर्ने रकमको स्रोत :...................................................................................... कुल जम्मा (रु.)................................. माथि उल्लेखित विवरणहरू सही रूपमा पेश गरेको छु, कहीं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु । प्रस्तावित सहकारी संस्था/व्यवसायिक संस्था/फर्म/कम्पनी/उद्यमीको

जिम्मेवार संचालक/पदाधिकारिको नामः
पद
हस्ताक्षरः
मिति :
संस्था/फर्मको छाप

**अनुसूची ३ दफा ५, उपदफा २ सँग सम्बन्धीत सङ्क्षिप्त व्यवसायिक कार्ययोजनाको नमुना**

सहकार्यमा पशु मासु पसल निर्माण वा सुधार वा दुवै कार्यक्रम सञ्चालन सम्बन्धी सङ्क्षिप्त व्यवसायिक कार्ययोजना व्यवसायिक कार्ययोजना

१. पृष्ठभूमि :

प्रस्तावित कार्यक्रम/व्यवसाय सुरु गर्नु पर्नाको कारण र समग्र परिस्थित बारे उल्लेख गर्ने ।

२. व्यवसायको छोटो चिनारी विद्यमान भौतिक तथा अन्य पूर्वाधारहरू

३. प्रस्तावित कार्यक्रम/व्यवसाय सम्पन्न गर्नका लागि आवेदकसँग विद्यमान भौतिक, वित्तीय र प्राविधिक क्षमता वर्णन गर्ने

४. दीर्घकालीन सोच, उद्देश्य र महत्व

५. व्यवसाय सञ्चालनबाट हासिल हुने प्रत्यक्ष र अप्रत्यक्ष लाभ उल्लेख गर्ने (स्थानीय तह तथा राष्ट्रिय तहमा) ६. कार्यक्रम/व्यवसायको सम्भाव्यता विश्लेषण

७. वातावरणीय प्रभाव विश्लेषण

८. प्रस्तावित कार्यक्रम/व्यवसायले वातावरणमा पार्ने सकारात्मक वा नकारात्मक प्रभावहरूको आँकलन गरी नकारात्मक प्रभाव न्यूनीकरणका लागि क-कस्ता उपायहरू अवलम्बन गरिने छ भन्ने उल्लेख गर्ने । प्रस्तावित लाभग्राही विश्लेषण

९. लागत लाभ विश्लेषण पूर्वानुमानहरूको आधारमा लागत लाभ विश्लेषण गरिएको छ भन्ने कुरा उल्लेख गरी निम्न तालिका बमोजिम आम्दानी खर्चको अनुमान लगाउने ।

विवरण जम्मा कैफियत क पुँजीगत खर्च भौतिक निर्माण मेसिनरी/उपकरण कुल पुँजीगत खर्च ख चालु खर्च उत्पादत लागत, भाडा, पानी, बिजुली खर्च मर्मत सम्भार खर्च बिक्री वितरण खर्च व्याज भुक्तानी कुल चालु खर्च ग जम्मा खर्च घ व्याज रहित अनुदान लाभ लागत विश्लेषण

| क.सँ | विवरण | परिमाण | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | पुँजीगत खर्च उत्पादन लागत | | | |
| २ | ख) भौतिक निर्माण मेसिनरि /उपकरण | | | |
| ३ | चालु खर्च उत्पादन लागत | | | |
| ४ | (क)भाडा पानि विजुली खर्च मर्मत सँभार | | | |

व्यवसायिक कार्ययोजना पेश गर्नेको:
नाम:
ठेगाना:
हस्ताक्षर:
पद:
संस्थाको छाप:

**अनुसूची ४ दफा ५, उपदफा २ सँग सम्बन्धीत लागत साझेदारी गर्ने प्रतिबद्धता-पत्र**

श्री ........................................ कार्यालयको मिति .......................... को ................. मा प्रकाशित सूचना अनुसार ............................. अजिरकोट गा.पा ........ वार्ड नं. ........................ गाउँ/टोल बस्ने श्री ............. ......................ले लागत साझेदारीमा सुधाारिएको मासु पसल तथा फ्रेस हाउस कार्यक्रम सञ्चालनका लागि पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु .................. को ....... प्रतिशतले हुन आउने रु ................. अक्षरुपी ............................ बराबरको लगानी आफ्नो आन्तरिक स्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

निवेदकको
दस्तखत
फर्म वा पसलको नाम:
मिति:
सङ्घ(सस्थाको भए नाम:

**अनुसूची ५ दफा ५, उपदफा २ सँग सम्बन्धीत सम्बन्धीत वडाको सिफारिस-पत्र**

श्री ................................ कार्यालयको मिति .................................. को ........................ मा प्रकाशित सूचना अनुसार .................................... गा.पा. .......... वार्ड नं. ................ गाउँ/टोल बस्ने श्री ........... ......................... ले लागत साझेदारीमा .................................... कार्यक्रम सञ्चालनका लागि पेश गरेको विवरण सही रहेको र निज उक्त कार्यक्रम सञ्चालनका लागि उपयुक्त भएकाले निजको प्रस्ताव छनौट प्रक्रियामा संलग्न गरिदिनुहनु सिफारिस गरिएकोव्यहोरा अनुरोध गर्दछु ।

सिफारिस गर्नेको
दस्तखतः
नामः
मितिः

## अनुसूची ६ दफा ५, उपदफा २ सँग सम्बन्धीत निवेदनको ढाँचा

श्री ..................................

........................................

विषयः प्रस्ताव पेश गरिएको बारे ।

तहाँ कार्यालयको मिति........................... को ................... मा प्रकाशित सूचना अनुसार म................ निवेदकले तपसिल बमोजिमको कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न इच्छुक भई आवश्यक कारवाहीकोलागि योनिवेदन पेश गरेकोछु।

निवेदकको
दस्तखतः
प्रस्तावकको नाम र थरः................................................................
स्थायी ठेगानाः ..........................................................................
प्रस्तावित कार्यक्रमको नामः............................................................
कार्यक्रम सञ्चालन हुने स्थानको पूरा ठेगानाः ..............................................
सम्पर्क नम्वर..........................................
मितिः २०..../...../..........

| दाया | बाया |
|---|---|
| | |

संलग्न कागजातको सूचीः क्र.स. कागजातको विवरण संलग्न सङ्ख्या :–

## अनुसूची ७ दफा ६, उपदफा २ सँग सम्बन्धित प्रस्ताव मूल्याङ्कन फारम

मुल्याङ्कन गरिने व्यावसायको नाम :–..................................................

व्यावसाय सँचालकको नाम थर :–........................................................

ठेगाना :–...............................................................................

मुल्याङ्कन गरिएको मिति :–..............................................................

**क्र.सं. मूल्याङ्कनका आधारहरू भार प्रतिशत प्राप्ताङ्क १०० अङ्क**

**१. (क) आवदेकको प्रत्यक्ष फिल्ड अनुगमन मुल्याङ्कन :– पुर्णाङ्क–८० अङ्क**

**१.संस्था सञ्चालन अवधि (व्यक्तिको हकमा सम्बन्धित कामको अनुभव) ...........................३ अङ्क**

– ३ वर्षभन्दा घटी –२ अङ्क

– ३ बर्ष वा सो भन्दा माथि –३ अङ्क

**२. कार्यक्रम कार्यान्वयनस्थलको भौतिक पूर्वाधारको अवस्था – ...............................जम्मा १२ अङ्क**

–सडक सुविधा भएको : २

–बिजुलीको सुविधा भएको : २

–खानेपानीको सुविधा भएको :२

–भवन, भौतिक पूर्वाधार, .

कच्ची :१

पक्की :१.५

टायल प्रयोग : २

सवारी साधन ,:०.५

यन्त्रउपकरण भएको : १

**३. प्राविधिक दक्षता र सम्बन्धित विषयको तालिम : ...........................................................२**

–तालिम लिएको :२

– नलिएको १

**४. वित्तीयक्षमता ......................................................................................................... ५**

**५ साझेदारीको प्रतिबद्धता सामेल भएको ......................................................................... ३**

**६ अन्य निकायबाट पनि साझेदारि हुने प्रतिबद्धता भएको.......................................................३**

**७. प्रत्यक्ष लाभान्वित घर परिवार सङ्ख्या.................... ..............................................४**

**८ . वातावरणीय उपयुक्तता..................... .............................................................५**

**९. प्रस्तावित कार्यक्रमको वातावरणीय प्रभाव आँकलन गरिएको.................................... ३**

**१० वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरू सामेल गरिएको...................................... ३**

**११. अन्य पक्षहरू.................................................................................... १२**

– विगतमा सम्पादित काम र प्रस्तावित कार्यकम बीच तालमेल रहेको ......२

– प्रस्तावित कार्यक्रम सञ्चालन स्थलको उपयुक्तता ...............................५

– प्रमुख सञ्चालकको उमेर (४५ वर्ष वा कम उमेरको लागि पूर्णाङ्क .......५ अङ्क ,

१८ देखि ४० वर्ष सम्म ५ अङ्क

४० देखि ५५ को लागि ३ अङ्क

५६ देखि ६५ को लागि २ अङ्क

सोभन्दा बढीलाई शून्य ० अङ्क

**१२ भइरहेको व्यवसाय नभई लगानी गर्न खोजिएको नयाँ व्यवसाय ........................................ ५**

**१३. स्वीकृत कार्यविधि अनुसारका थप मापदण्डहरू................................................................. १०**

**१४ प्राविधिक र आर्थिक प्रस्तावको समय सापेक्षता .................................. ..........................१०**

**ख) आवेदकको मूल्याङ्कन समितिले गर्ने पुर्णाङ्क– ...................................................................२० अङ्क .**

**१५. प्राविधिक प्रस्ताव गुणस्तर....................... ३**

**१६. आर्थिक प्रस्ताव गुणस्तर......................... ३**

**१७. व्यवसायिक कार्ययोजनाको स्पष्टता............ ३**

**१८. गाउँपालिकाको फर्म्याट............................ ३**

**१९. मुनाफा र समबिन्दुको आधारमा उपयुक्तता र दिगोपन ..२**

**२०. स्थलगत प्रमाणीकरण......................................... २**

**२१. सम्बन्धित स्थानीय वार्ड कार्यालयको सिफारिस ..........१**

**२२. स्थानीय वासिन्दाबाट विरोध नहुने प्रतिबद्धता.......... १**

**८.८ लेखापरीक्षण प्रतिवेदन.................................. १**

**८.१० आधिकारिक निकायमा दर्ता नवीकरण ...............१**

**जम्मा १००**

**मुल्याङ्कन कर्ताले मुल्याङ्कनका कममा थप केहि भए उल्लेख गर्न सकिनेछ ।**

..................................................................................................................................

..........................................................................................................................।

**प्राप्त गरेको जम्मा अङ्क :–.................................**

**मुल्याङ्कन कर्ताको नाम :–.........................................**

**पद :–.........................................**

**दस्तखत :...................**

## अनुसूची ८ दफा ५, उपदफा ३ सँग सम्बन्धित स्थलगत प्रमाणीकरण मूल्याङ्कन फाराम

क) सामान्य जानकारी १. जिल्लाः........... २. आवेदकको नामः...................................
३. कार्यक्रम सञ्चालन स्थल :..........................
४. प्रस्तावित कार्यक्रमको नाम : .......................................
५. स्थलगत प्रमाणीकरण मिति :.......................................
६. स्थलगत प्रमाणीकरणमा संलग्न पदाधिकारीको विवरण र दस्तखत

१)

२)

३)

४)

५)

## अनुसूची ९ दफा ७, उपदफा १ सँगसम्बन्धित पुँजीगत अनुदानबाट सञ्चालन गरिने कार्यक्रमका`द्विपक्षीय सम्झौता-पत्र

अजिरकोट गाउँपालिका कार्यालयको आर्थिक वर्ष ................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा ............................................ कार्यक्रम सञ्चालन गर्न श्री .......................................... कार्यालय, (यसपछि प्रथम पक्ष भनिने) र श्री ...................................................................(यसपछि दोस्रो पक्ष भनिने) बीच तपसिल बमोजिमका सर्तहरू परिपालना गर्ने गरी द्विपक्षीय सम्झौता गरि दियौँ/लियौँ।

तपसिल

१. प्रथम पक्षले सुधारिएको मासु पसल निर्माण तथा कार्यक्रमको लागि प्रति १ गोटाको लागि विनियोजित रु......................... मध्ये दोस्रो पक्षलाई रु..............(अक्षरुपी.............) बराबरको आर्थिक अनुदान सहयोग प्रदान गर्नेछ।

२. दोस्रो पक्षले बाँकी रकमको व्यवस्था गरी.................जिल्ला ................ गा.पा. ...... नं. वडाको ................. भन्ने स्थानमा यसै आर्थिक वर्षको अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ।

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव मुताविकको डिजाइन र इस्टिमेट अनुसारका सम्पूर्ण कार्यहरू उच्च गुणस्तर कायम राखी निधारित समयभित्र सम्पन्न गर्नेछ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाइन, इष्टिमेट, सुपरभिजन, अन्तिम बिल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरू तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ।

५. दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवदेनको आधारमा मनासिव ठहरे दोस्रो पक्षको बैङ्क खातामा एकमुष्ठ भुक्तानी दिनेछ।

६. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन र निरीक्षण गरी सम्झौता मुताविक कार्यभए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

७. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रूपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायकोनाम र अनुदान रकम उल्लेखित बोर्ड सबैलेदेख्नेगरी राख्नेछ ।

८. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरू तथा अप्रत्याशित रूपमा सिर्जित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. दोस्रो पक्षले नियमित रूपमा (**कम्तीमा चौमासिक अवधिमा**) **कार्यक्रमको प्रगति**, उपलब्धि एवम् कारोवार सम्बन्धी विवरणहरू सम्बन्धित स्थानीय तह मार्फत प्रथम पक्षलाई अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ ।

१०. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नुपरेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१२. द्विपक्षीय सम्झौता मुताविकको काम नभई रकम दुरुपयोग हुनसक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षीय रूपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

१३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाइन, इस्टिमेट र दर भाउ मेसिनरी, उपकरण र अन्य सामानहरू खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराइ सम्पूर्ण कार्यहरू उच्च गुणस्तरका राखी निर्धारित समयभित्र सम्मन्न गर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

| **दोस्रो पक्षको तर्फबाटः** | **प्रथम पक्षको तर्फबाटः** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| सम्पर्क नं. | कार्यालयको छापः |
| फर्मको छाप | |

**रोहवर**

हस्ताक्षर

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

इति सम्बत् ............ साल ............ महिना ......... गते रोज ........ शुभम्.......................... ।

**नोटः** द्विपक्षीय सम्झौतामा आवश्यकता मुताविकका अन्य सान्दर्भिक बुँदाहरू पनि थप गर्न सकिनेछ ।

**अनुसूची १० दफा ६, उपदफा १ सँग सम्बन्धित**

**छनौट तथा मुल्याङ्कन समितिः**

**क) अजिरकोट गाउँपालिकाले आह्वान गरेको प्रस्ताव छनौट समिति निम्नानुसारको हुनेछ ।**

१ कार्यालय प्रमुख (प्रमुख प्रशासकिय अधिकृत) १ जना संयोजक

२ अजिरकोट गाउँकार्यपालिकाले तोकेको अधिकृत स्तर कर्मचारी १ जना सदस्य

३ सदस्य सचिबः सम्बन्धित पशु सेवा शाखा प्रमुख १ जना सदस्य

४ लेखा शाखा प्रमुख तथा प्रतिनिधि १ जना सदस्य

५ प्राविधिक शाखा प्रतिनिधि १ जना

**ख) अजिरकोट गाउँपालिकाले आह्वान गरेको प्रस्ताव अनुगमन तथा मुल्याङ्कन कार्यदल निम्नानुसारको हुनेछ ।**

१ गाउँपालिका अध्यक्ष १ जना संयोजक

२ गाउँपालिका उपाध्यक्ष १ जना सदस्य

३ प्रमुख प्रशासकय अधिकृत १ जना सदस्य

४ पशु सेवा शाखा प्रमुख १ जना सदस्य सचिब

५ प्रतिनिधि लेखा शाखा १ जना सदस्य

६ प्राविधिक शाखा प्रमुख १ जना सदस्य

७ नगर प्रहरी १ जना सदस्य

❖ थप जानकारिको लागि

| **अनुसुचीहरु** | **अनुसुचिमा भएका विवरणहरु** |
|---|---|
| अनुसुची :१ | दफा :५ सार्वजनिक सुचना |
| अनुसुची :२ | दफा :५ प्राविधिक प्रस्ताव नमुना |
| अनुसुची :३ | दफा :५ सँक्षिप्त ब्यावसायिक कार्ययोजना |
| अनुसुची :४ | दफा :५लागत साझेदारि प्रतिबद्धता पत्र |
| अनुसुची :५ | उपदफा :२ सम्बन्धित वडाको सिफारिस |
| अनुसुची :६ | दफा :५ उपदफा २ निवेदनको ढाँचा |
| अनुसुची :७ | दफा :६ उपदफा २ प्रस्ताव मुल्याङ्कन फारम |
| अनुसुची :८ | दफा :५उपदफा ३ स्थलगत प्रमाणिकरण मुल्याङ्कन फारम |
| अनुसुची :९ | दफा :७ उपदफा १ सम्झौता पत्र |
| अनुसुची :१० | दफा :५ छनौट समिति |

अजिरकोट गाउँ कार्यपालिकाबाट मिति २०८० माघ २८ गते स्वीकृत भएको यस अनुसारको अजिरकोट गाउँपालिकाको साझेदारीमा सुधारिएको मासु पसल सञ्चालनरस्थापना कार्यविधि, २०८० अजिरकोट गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४ को नियम ४ (१) बमोजिम प्रमाणिकरण गर्दछु ।

नवराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०।१०।२९